२०७५ श्रावण

# ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, तेस्रो चरण
# बुढीगंगा नगरपालिका



## आर्थिक वर्ष २०७४/०७५ को

## वार्षिक

# प्रगति प्रतिवेदन

बुढीगंगा नगरपालिका
**नगरकार्यपालिकाको कार्यालय**
कुल्देवमाण्डौ, बाजुरा
७ नं. प्रदेश, नेपाल

ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना
**प्राविधिक सहयोग इकाई**
मार्तडी, बाजुरा

# विषय सूची


आर्थिक वर्ष २०७४/०७५ को प्रगती सारांश ........ 2

१. पृष्ठभूमी ........ 5

२. लक्ष बमोजिम उपलब्धी ........ 6

  २.१. जलउपयोग गुरुयोजना ........ 6

  २.२. भौतिक प्रगति ........ 6

  २.३. क्षमता विकास ........ 7

  २.४. जीविकोपार्जन कार्यक्रम ........ 8

३. अनुगमन तथा प्रतिवेदन ........ 9

४. प्रगती समीक्षा तथा योजना तर्जुमा ........ 10

५. नीति तर्जुमा ........ 10

६. सहकार्य ........ 10

७. आइपरेका समस्याहरु ........ 11

अनुसूची १ : यस आ.व.मा संचालित योजनाहरुको विवरण ........ 12

अनुसूची २ : यस आ.व.मा संचालित तालिमहरुको विवरण ........ 13

अनुसूची ३ : सहकारी संस्थाको विवरण ........ 15

अनुसूची ४ : गाउँपालिकाका नमूना उपलब्धीहरु तथा सफलताका कथाहरु ........ 18

अनुसूची ५ : भिजिबिलिटी ........ 19

अनुसूची ६ : जनशक्ति विवरण ........ 20


## तालिका सूची


तालिका १ : जलउपयोग गुरुयोजना तर्जुमाको प्रगति स्थिति
तालिका २ : यस आर्थिक वर्षमा हासिल गरिएको भौतिक उपलब्धी
तालिका ३ : लक्ष बमोजिम भौतिक उपलब्धी हासिल हुन नसक्नुको कारण
तालिका ४ : क्षमता विकास तर्फ प्रशिक्षित जनशक्तिको विवरण सारांश
तालिका ५ : घरबारी व्यवस्थापन गर्ने घरधुरी विवरण
तालिका ६ : आयआर्जन सम्बन्धी विवरण
तालिका ७ : सहकारी सम्बन्धी विवरण
तालिका ८ : योजनास्तरमा गरिएको अनुगमनको विवरण
तालिका ९ : गाउँपालिकाबाट परियोजनामा पेश भएका प्रतिवेदनहरु
तालिका १० : अनुगमनमा औँल्याइएका सुझाबहरुको कार्यान्वयन
तालिका ११ : गाउँपालिका परियोजना व्यवस्थापन समितिको बैठक
तालिका १२ : परियोजनासँग सम्बन्धित कृयाकलापहरुमा सहकार्य
तालिका १३ : आइपरेका समस्याहरु तथा समाधानका प्रयासहरु




GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

## आर्थिक वर्ष २०७४/०७५ को प्रगती सारांश

| | | | | | |
|---|---|---|---|---|---|
| **स्थानीय तहको नाम:** | त्रिवेणी नगरपालीका | | | | |
| **परियोजनाको नाम :** | ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, तेस्रो चरण | | | | |
| **प्रतिवेदनको समयावधी** | १ श्रावण २०७४ देखी ३१ आषाढ २०७५ (16th July 2017 to 16th July 2018) | | | | |
| **क. आर्थिक प्रगती सारांश** | | | | | |
| **परियोजनाको लागि यस आ.ब.को कुल बजेट तथा खर्चको अवस्था** (रु हजारमा) (दातृ निकाय, नेपाल सरकार तथा स्थानीय तह समेत) | **शीर्षक** | **बजेट** | **निकासा** | **खर्च** | **खर्च %** |
| | पूँजीगत | ५,८४४ | ५,८४४ | ५,८४४ | १००% |
| | कार्यक्रम/चालु: | २,१६१ | २,१६१ | १,३५४ | ६३% |
| | **जम्मा** | **८,००५** | **८,००५** | **७,१९८** | **९०%** |
| **श्रोतगत रुपमा आर्थिक बर्षको बजेट तथा खर्चको अवस्था** (रु हजारमा) | **लगानीको स्रोत** | **बजेट** | **निकासा** | **खर्च** | **खर्च %** |
| | स्थानीय तह | ७०० | ७०० | ७०० | १००% |
| | नेपाल सरकार | २,९२४ | २,९२४ | २,९२४ | १००% |
| | दातृ निकाय (GoF/EU) | ४,३८१ | ४,३८१ | ३,५७४ | ८२% |
| | **जम्मा** | **८,००५** | **८,००५** | **७,१९८** | **९०%** |
| **ख. भौतिक प्रगती सारांश** | | | | | |
| **नतिजा क्षेत्र** | **आर्थिक वर्षको बुँदागत प्रमुख उपलव्धी** | | | | |
| नतिजा १ : खानेपानी, सरसफाइ तथा स्वच्छता | • यस आ.बा.मा परियोजना अन्तरगत ३ वटा खानेपानी योजना सञ्चालित भई २१९५ जनसंख्याले QARQ अवस्था सहितको सुधारिएको खानेपानी सुविधा प्राप्त गरेको, ( QARQ भन्नाले, Q-Quantity : भरसक प्रतिव्यक्ति प्रतिदिन कम्तिमा ४५ लिटर पानी उपलब्ध भएको, A-Accessibility : एकपटक पानी लिएर फर्कन १५ मिनेट भन्दा बढी नलाग्ने, R-Reliability : पानीको स्रोत १२ महिना नसुक्ने र Q-Quality : जैविक प्रदुषण रहित)<br>• परियोजना तेस्रो चरणको सहयोगमा निर्माण भएका सबै खानेपानी योजनाहरुमा जलवायु परिवर्तन अनुकूलन र प्रकोप जोखिम न्यूनीकरण (CCA/DRR) समेत समावेश भएको खानेपानी सुरक्षा योजना लागू भएको,<br>• परियोजनाको सहयोगमा नगरपालिकामा सञ्चालित सबै खानेपानी योजनाहरुका उपभोक्ता समितिहरु सक्रिय रही सुविधास्तर कायम गर्न सक्षम भएको, | | | | |



GOVERNMENT OF NEPAL
EUROPEAN UNION
Ministry for Foreign Affairs of Finland

| | |
|---|---|
| | परियोजनाको सहयोगमा निर्माण भएका खानेपानी योजना उपभोक्ता समितिका प्रमुख पदहरु (अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष) मा कम्तिमा ५०% महिला र समानुपातिक प्रतिशतमा दलित तथा जनजाति समुदायको प्रतिनिधित्व रहेको,<br>नगरपालिकामा निमार्ण तथा सम्पन्न भएका योजनाहरु मध्य २४ वटा समुहहरु सहकारीमा आबध भएका छन् । यस आ.ब.मा सम्पन्न भएका २ वटा खाने पानि योजनाहरुका उपोभक्ता समुह सहकारीमा आबध भएका छन् । |
| नतिजा २ : जीविकोपार्जन प्रवर्द्धन | सुधारिएको खानेपानी सुविधा उपलव्ध गराइएका मध्ये १५८ घरधुरीका ८६९ जनसंख्याले ६ वटा समुहमा आवद्ध भई घरवारी स्थापना गरेका छन् ।<br>यस आ.ब.मा घरवारी व्यवस्थापन तथा अगुवा कृषक तालिम पाएका मध्ये ९५% महिला र समानुपातिक रुपमा दलित र जनजाति समुदायको सहभागीता रहेको<br>परियोजनाको सहयोगमा स्थापित सहकारीहरुका नेतृत्वदायी पद मध्ये २८% पदमा महिलाको प्रतिनिधित्व रहेको । |
| नतिजा ३ : जलवायु परिवर्तन अनुकुलन/प्रकोप जोखिम न्यूनीकरण | १५१ घरधुरीमा सुधारीयको चुलो जडान भई हरित गृह ग्याँस उत्सर्जनमा कमी आएको,<br>फिल्ड कर्मचारीहरु लाई जलवायु परिवर्तन अनुकुल र प्रकोप जोखिम न्यूनीकरणका विषयमा तालिमहरु प्रदान गरिएको,<br>परियोजनाको लगानीमा निर्माण भएका सबै योजनाहरुमा प्रकोप जोखिम न्यूनीकरण मापदण्ड कायम भएको ।<br>यस आ.बा. मा निमार्ण सम्पन्न भएका योजनाहरुको मुहान माथी रिर्चाज पिट निमार्ण तथा मुहान आस पास क्षेत्रमा बृक्षारोपण सम्पन्न । |
| नतिजा ४ : क्षमता विकास | नगरपालीकाले यस आ.ब.मा कुल योजना लागतको कम्तिमा ८.७% रकम जलस्रोत विकास कोषमा योगदान गरी परियोजनाप्रति अपनत्व प्रदर्शन गरेको,<br>यस आ.ब.मा जलस्रोत विकास कोषको विनियोजित बजेटको ९०% रकम खर्च भएको,<br>खानेपानी योजनामा समुदायले २५% श्रम तथा १% नगद लगानी गरेको,<br>१ पटक सामुदायिक कार्ययोजना तयारी गोष्ठी संचालन<br>२ पटक निर्माण अवधिको गोष्ठी संचालन<br>२ पटक लेखा व्यवस्थापन पुर्नः ताजगी तालिम संचालन<br>१ पटक लैगिक समानता तथा सामाजिक समावेशीकरण तालिम संचालन<br>६ पटक घरबारी व्यवस्थापन अभिमुखिकरण संचालन<br>२ पटक मर्मत संभार व्यवस्थापन कार्यविधि तयारी तथा पानी सुरक्षा योजना टोली गठन |



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

| | |
|---|---|
| | - २ पटक निर्माण पूर्वको गोष्ठी संचालन<br>- ५ पटक सार्वजनिक सुनुवाई संचालन<br>- ३ पटक उपभोक्ता समिति अभिमुखिकरण गोष्ठी सम्पन्न |

# आर्थिक वर्ष २०७४/०७५ को वार्षिक प्रगति प्रतिवेदन

## १. पृष्ठभूमी

कर्णाली प्रदेश र प्रदेश सातका ग्रामीण क्षेत्रमा **"न्यायोचित, समतामूलक तथा दिगो रुपमा पानीको उपयोगको माध्यमवाट स्थानीय जनताहरुको जीवनस्तर सुधार तथा जीवीकोपार्जनका अवसरहरुको वृद्धि गर्ने"** लक्ष्यका साथ नेपाल सरकार र गणतन्त्र फिनल्याण्ड सरकार बीच सम्झौता भई आर्थिक वर्ष २०६३/०६४ देखि यस क्षेत्रका १० जिल्लाहरु (अछाम, बैतडी, बझाङ्ग, बाजुरा, डडेलधुरा, दार्चुला, डोटी, कैलाली, दैलेख र हुम्ला) मा सफलतापूर्वक निरन्तर सञ्चालन भइरहेको ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनो (RVWRMP) राज्यको पुनर्सरचनासँगै नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को मर्म अनुरुप अर्थिक वर्ष २०७४/०७५ को आरम्भ देखिनै स्थानीय सरकार मातहत कार्यान्वयन भईरहेको छ।

नेपालमा संघीयताको कार्यान्वयन सँगै नेपालको संविधान २०७२ ले परिकल्पना गरे वमोजिम स्थानीय विकास निर्माणको जिम्मेवारी स्थानीय तहको काँधमा आएको छ। संघ र प्रदेशको संयुक्त अधिकार सूचीमा भएका बाहेक स्थानीय तहका विभिन्न २२ वटा अधिकारहरु नेपालको संविधान, २०७२ को अनुसूची ८ मा व्यवस्था गरिएको छ। जस अनुसार स्थानीय स्तरका जनसरोकारका सबै विषयवस्तुहरुको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन स्थानीय तहको जिम्मेवारी भित्र पर्दछ।

यस नगरपालिकामा परियोजना कार्यान्वयन गर्नको लागि मिति २०७४/०५/०२ मा स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, यस नगरपालिका र जिल्ला समन्वय समिति बीच समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भएको हो। सोहि समझदारी पत्रमा उल्लेख भएका बुँदाहरु तथा परियोजनाको स्वीकृत परियोजना कार्यान्वयन निर्देशिका मा उल्लेख भएका प्रावधानहरु मातहत रही आर्थिक वर्ष २०७४/०७५ मा किटान गरिएका लक्ष वमोजिम हासिल गरिएका उपलव्धीहरु, आइपरेका समस्याहरु लगायतका विषयहरुलाई विष्लेशण गरी यो वार्षिक प्रतिवेदन तयार गरिएको छ।

आर्थिक वर्ष २०७४/०७५ मा परियोजना अन्तर्गत कुल बिनियोजित रकम मध्ये १०० प्रतिशत निकासा भै ९० प्रतिशत खर्च भएको छ। जसमध्ये नेपाल सरकार तर्फको १०० प्रतिशत रकम खर्च भएको छ भने दातृ निकाय तर्फको ८२ प्रतिशत खर्च भएको छ। स्थानीय तहको विनियोजित मध्ये १०० प्रतिशत खर्च भएको छ। समग्रमा यस नगरपालिकामा बजेटको तुलनामा ९०% आर्थिक प्रगति हासिल भएको छ।

तर्जुमा गरिएका ३ भौतिक निर्माण तर्फका योजनाहरु मध्ये ३ योजनाहरु सम्पन्न भएका छन्।

यस प्रतिवेदनमा बुढीगंगा नगरपालिकामा ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना अन्तर्गत हासिल भएको प्रगती तथा सम्पन्न हुन नसकेकाका क्रियाकलापहरु तथा आइपरेका समस्याहरुलाई संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ। यस प्रतिवेदनले नगरपालिका परियोजना व्यवस्थापन समिति तथा परियोजना सहयोग इकाई/परियोजना समन्वय कार्यालयलाई समेत भविष्यमा परियोजनालाई थप प्रभावकारी बनाउनको लागि चाल्नु पर्ने आवश्यक कदमको बारेमा मार्गदर्शन प्रदान गर्ने अपेक्षा गरिएको छ।

## २. लक्ष बमोजिम उपलब्धी

### २.१. जलउपयोग गुरुयोजना

यस नगरपालिका अन्तरगत साबिकका तिन वटा गा.वि.सहरुको जलउपयोग गुरुयोजना निमार्ण भई नसकेको हुदा नगरपालिकाको एकिकृत जलउपयोग गुरुयोजना निमार्ण गर्न आवश्यक देखिन्छ ।

*तालिका १ : जलउपयोग गुरुयोजना तर्जुमाको प्रगति स्थिति*

| लक्ष्य | प्रगति |
|---|---|
| बुढीगंगा नगरपालिका अन्तरगत समायोजन भएका साविकका बाह्बीस, ब्रमतोला र कुल्देवमाण्डौ गा.वि.स.हरु मध्य कुल्देवमाण्डौको मात्र जलउपयोग गुरुयोजना पहिले नै निर्माण भइसकेको र बाकी गा.वि.सहरुको जलउपयोग गुरुयोजना निमार्ण हुन बाकी रहेको हुँदा नगरपालिका स्तरीय जलउपयोग गुरुयोजना समायोजन/निर्माण गर्ने लक्ष्य रहेको । | समयोजन गर्ने योजना नभएको । |

### २.२. भौतिक प्रगति

यस नगरपालिकामा आर्थिक वर्ष २०७४/०७५ मा भौतिक निर्माण तर्फ हासिल गरिएको प्रमुख उपलब्धी बुँदागत रुपमा निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

- ३ वटा खानेपानी योजना सम्पन्न
- १५१ घरधुरीमा सुधारीयको चुलो जडान

*तालिका २ : यस आर्थिक वर्षमा हासिल गरिएको भौतिक उपलब्धी*

| क.सं. | योजनाको प्रकार | सम्पन्न गर्ने लक्ष | | हासिल भएको उपलब्धी | | प्रगती प्रतिशत (%) | |
|---|---|---|---|---|---|---|---|
| | | सम्पन्न गर्ने लक्ष योजना संख्या | सम्पन्न गर्ने लक्ष लाभान्वित जनसंख्या | योजना संख्या | लाभान्वित जनसंख्या | योजना संख्या | लाभान्वित जनसंख्या |
| १ | खानेपानी योजनाहरु | ३ | २१९५ | ३ | २१९५ | १०० | १०० |
| २ | सिँचाई योजनाहरु | ० | ० | ० | ० | ० | ० |
| ३ | संस्थागत चर्पीहरु (संख्या) | ० | ० | ० | ० | ० | ० |
| ४ | घरबारी व्यवस्थापन (घरधुरी) | ६ | ८२० | ६ | ८२० | १०० | १०० |
| ५ | सुधारिएको चुल्हो (संख्या) | १५१ | ४५२ | १५१ | ४५२ | १०० | १०० |

तपसील बमोजिमको कारणले लक्ष गरिए बमोजिम योजनाहरु सम्पन्न हुन नसकी लक्षीत उपलब्धी हासिल हुन सकेन ।

*तालिका ३ : लक्ष बमोजिम भौतिक उपलब्धी हासिल हुन नसक्नुको कारण*

| क.सं. | लक्ष बमोजिम उपलब्धी हासिल हुन नसक्नुको कारण | भविष्यमा यस प्रकारको समस्या आउन नदिनको लागि गाउँपालिका परियोजना व्यवस्थापन समितिको रणनीति |
|---|---|---|


GOVERNMENT OF NEPAL
EUROPEAN UNION
Ministry for Foreign Affairs of Finland

नगरपालिका भित्र परियोजनाको सहयोगमा सम्पन्न भएका तथा निर्माणाधिन योजनाहरुको सूची अनूसुची १ मा दिइएको छ ।

## २.३. क्षमता विकास

आर्थिक वर्ष २०७४/०७५ मा यस गाउँपालिकामा क्षमता विकास तर्फ हासिल भएका प्रमुख उपलब्धीहरु निम्न बमोजिम रहेका छन् ।

- १ पटक सामुदायिक कार्ययोजना तयारी गोष्ठी संचालन
- २ पटक निर्माण अवधिको गोष्ठी संचालन
- २ पटक लेखा व्यवस्थापन पुर्नः ताजगी तालिम संचालन
- १ पटक लैगिक समानता तथा सामाजिक समावेशीकरण तालिम संचालन
- ६ पटक घरबारी व्यवस्थापन अभिमुखिकरण संचालन
- २ पटक मर्मत संभार व्यवस्थापन कार्यविधि तयारी तथा पानी सुरक्षा योजना टोली गठन
- २ पटक निर्माण पूर्वको गोष्ठी संचालन
- ५ पटक सार्वजनिक सुनुवाई र ३ पटक उपभोक्ता समिति अभिमुखिकरण गोष्ठी सम्पन्न

*तालिका ४ : क्षमता विकास तर्फ प्रशिक्षित जनशक्तिको विवरण सारांश*

| क्षमता अभिवृद्धि क्रियाकलाप | दलित महिला | दलित पुरुष | जनजाती महिला | जनजाती पुरुष | अन्य महिला | अन्य पुरुष | जम्मा महिला | जम्मा पुरुष |
|---|---|---|---|---|---|---|---|---|
| खानेपानी योजना चरणवद्ध कार्यपद्धति वमोजिमका तलिम | ६२ | ६८ | ० | ० | १६४ | १३५ | २२६ | २०३ |
| सरसफाइ, स्वच्छता तथा महिनावारी व्यवस्थापन सम्बन्धी तालिमहरु | ९६ | २२ | ० | ० | २४४ | १२१ | ३४० | १४३ |
| जिवीकोपार्जन तथा सहकारी विकाससंग सम्बन्धित तालिमहरु | ८० | ४ | ० | ० | ६८ | ६ | १४८ | १० |
| स्थानीय स्रोत व्यक्ति विकाससंग सम्बन्धित प्राविधिक तालिमहरु | ० | ० | ० | ० | ० | २ | ० | २ |
| जलउपयोग तथा जीविकोपार्जन कार्यान्वयन गुरुयोजनासंग सम्बन्धित तालिमहरु | ० | ० | ० | ० | ० | ० | ० | ० |
| नवीकरणीय उर्जा तथा जलवायु परिवर्तन संग सम्बन्धित तालिमहरु | ० | ० | ० | ० | ० | ० | ० | ० |
| गाउँपालिका तथा जिल्ला स्तरीय क्षमता विकास तालिमहरु | ० | ० | ० | ० | ० | ० | ० | ० |
| **जम्मा** | २३८ | ९४ | ० | ० | ४७६ | २६४ | ७१४ | ३५८ |



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

तालिमको विस्तृत विवरण अनुसूची २ मा दिइएको छ ।

## २.४. जीविकोपार्जन कार्यक्रम

यस आर्थिक वर्षमा जीविकोपार्जन तर्फ यस नगरपालिकामा निम्न बमोजिमको प्रमुख उपलब्धी हासिल भएको छ ।

- ६ वटा घरवारी व्यवस्थापन समुह गठन /पुर्न गठन भई १५८ घरधुरी आवद्ध भई ८६९ जनसंख्या लाभान्वीत भएका छन् ।
- ६ वटौ घरवारी व्यवस्थापन समुहलाई ३/३ दिने घरवारी व्यवस्थापन सम्बन्धी तालिम संचालन गरेको ।
- ४ जनालाई सहकारी अध्यन अवलोकन भ्रमणको आयोजना ।

*तालिका ५ : घरबारी व्यवस्थापन गर्ने घरधुरी विवरण*

| वडा नं. | अघिल्लो आ.व. सम्म | | | | यस आ.व. मा | | | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दलित | जनजाती | अन्य | जम्मा | दलित | जनजाती | अन्य | जम्मा | दलित | जनजाती | अन्य | जम्मा |
| १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ७ | ० | ० | ० | ० | ८४ | ० | ७४ | १५८ | ८४ | ० | ७४ | १५८ |
| ८ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ९ | ७५ | ० | १४७ | २२२ | ० | ० | ० | ० | ७५ | ० | १४७ | २२२ |
| १० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| **जम्मा** | **७५** | **०** | **१४७** | **२२२** | **८४** | **०** | **७४** | **१५८** | **१५९** | **०** | **२२१** | **३८०** |

*तालिका ६ : आयआर्जन सम्बन्धी विवरण*

| क.सं. | आयआर्जन क्रियाकलापहरु | व्यवसाय गर्ने जम्मा व्यक्ति | | | |
|---|---|---|---|---|---|
| | | दलित | जनजाती | अन्य | जम्मा |
| १ | व्यवसायिक तरकारी तथा मसला खेती | ० | ० | ० | ० |
| २ | व्यवसायिक फलफूल खेती | ० | ० | ० | ० |
| ३ | लघुउद्यम व्यवसाय | ० | ० | ० | ० |
| ४ | बहुद्देश्यीय नर्सरी व्यवस्थापन | ० | ० | ० | ० |
| ५ | एग्रोभेट | ० | ० | ० | ० |
| **जम्मा** | | ० | ० | ० | ० |

*तालिका ७ : सहकारी सम्बन्धी विवरण*

| क.सं. | सूचकहरु | परियोजनाको प्राविधिक सहयोग प्राप्त सहकारीको नाम: **जनकल्याण बहुउद्धेश्यीय सहकारी लि** |
|---|---|---|
| १ | सहकारीमा आवद्ध उपभोक्ता समिति संख्या | २ |
| २ | शेयर धनीहरुको संख्या | ७८४ |



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

| | | |
|---|---|---|
| ३ | कुल सम्पत्ती रु. | ३२,५४,१५७.०१ |
| ४ | कुल ऋण लगानी रु | १,००,२०,४१० |
| ५ | असूली दर | ९९.९ |
| ६ | खुद नाफा रु | ८०,५८३.१३ |
| ७ | मर्मत सम्भार कोष विनियोजन रु | ०० |
| ८ | जगेडा कोष रु. | १२,५७,७८६.१५ |
| ९ | सञ्चालन आत्मनिर्भरता | १०३ |

हरेक सहकारीको विस्तृत विवरण अनुसूची ३ मा दिइएको छ।

## ३. अनुगमन तथा प्रतिवेदन

नगरपालिका तथा स्थानीय पूर्वाधार विकास विभाग तथा कृषि सडक विभाग बीच सम्पन्न समझदारी बमोजिम यस नगरपालिकामा परियोजनाका क्रियाकलापहरुको नियमित रुपमा अनुगमन गर्ने कार्य सम्पन्न गरिएको छ।

*तालिका ८ : योजनास्तरमा गरिएको अनुगमनको विवरण*

| क.सं. | योजनाको नाम | चरणवद्ध कार्यपद्धति वमोजिम गर्नुपर्ने स्थलगत अनुगमन संख्या | स्थलगत अनुगमन गरिएको संख्या | नगरपालिका कार्यालयवाट अनुगमनमा सहभागि भएको संख्या |
|---|---|---|---|---|
| १ | झाली खानेपानी तथा सरसफाई योजना | ३ | ३ | ३ |
| २ | भानोदय मा.वि. खानेपानी तथा सरसफाई योजना | ३ | ३ | ३ |
| ३ | टाटे स्वास्थ्य चौकी खानेपानी तथा सरसफाई योजना | ३ | ३ | ३ |
| | जम्मा | ९ | ९ | ९ |

*तालिका ९ : नगरपालिकाबाट परियोजनामा पेश भएका प्रतिवेदनहरु*

| क.सं. | प्रतिवेदन | आ.व. पेश गर्नुपर्ने संख्या | समयमा पेश गरिएको प्रतिवेदन संख्या | समयमा पेश गर्न नसकिएको प्रतिवेदन संख्या |
|---|---|---|---|---|
| १ | मासिक आर्थिक प्रतिवेदन (फाँटबारी) | १२ | १२ | ० |
| २ | चौमासिक प्रगति प्रतिवेदन | ३ | ३ | ० |
| ३ | वार्षिक प्रतिवेदन | १ | १ | ० |
| | जम्मा | १६ | १६ | ० |

परियोजना सहयोग इकाई तथा परियोजना समन्वय कार्यालयवाट विभिन्न मितिमा गरिएको जलस्रोत विकास कोषको अनुगमनको क्रममा दिइएका सुझावहरुको कार्यान्वयन निम्न बमोजिम गरिएको छ।

*तालिका १० : अनुगमनमा औंल्याइएका सुझावहरुको कार्यान्वयन*

| क्र.सं. | अनुगमन मिति | अनुगमन टोलीले दिएको सुझाव | सुझावको कार्यान्वयन विवरण |
|---|---|---|---|
| १ | २०७४ पौष २८ | • SuTRA Software को प्रयोग गर्नु पर्ने<br>• क्रियाकलाप संचालन गर्न पूर्व अनिवार्य रुपमा सो को प्रस्ताव प्रमुख प्रशासकिय अधिकृतबाट स्वीकृत गर्नु पर्ने । | • क्रियाकलाप संचालन गर्न पूर्व अनिवार्य रुपमा सो को प्रस्ताव प्रमुख प्रशासकिय अधिकृतबाट स्वीकृत गर्ने गरेको । |

जलस्रोत विकास कोषको सम्पूर्ण खर्च रकम तोकिएको शीर्षकमा मात्र गरिएको छ । ग्रामीण जलस्रोत आर्थिक वर्षमा भएको आम्दानी खर्चको भएको रकमको विवरण नगरपालिकाको सूचना पाटीमा २०७५ श्रावण महिना भित्र प्रकाशन गरिने छ ।

## ४. प्रगती समीक्षा तथा योजना तर्जुमा

विभिन्न मितिमा परियोजनाका क्रियाकलापहरुको प्रगती समीक्षा तथा परियोजनाको कार्यान्वयनको विषयमा गाउँपालिका परियोजना व्यवस्थापन समितिको बैठक बसी विभिन्न विषयमा छलफल तथा निर्णयहरु गरिएको छ ।

*तालिका ११ : गाउँपालिका परियोजना व्यवस्थापन समितिको बैठक*

| बैठक नं. | मिति | प्रमुख छलफल तथा निर्णयहरु |
|---|---|---|
| | | |

### ५. नीति तर्जुमा

नगरपालिकाले खानेपानी, सरसफाइ, स्वच्छता एवं महिनावारी व्यवस्थापन तथा जीविकोपार्जन प्रवर्द्धन क्षेत्रमा निम्न वमोजिमका नीतिहरु तर्जुमा गरेको छ ।

१. ५ बर्ष भित्र सबै जनताको घरमा स्वच्छ खानेपानी अनिवार्य पुऱ्याउने नीति लिईनेछ ।

२. कृषीबालीमा आत्मनिर्भर नगरपालिका बनाउँदै लगिनेछ । माटो परिक्षण गरी माटो सुहाउँदो वाली क्षेत्रहरु तयार पारिनेछन् ।

३. परम्परागत वालीको संरक्षण तथा प्रवर्द्धन गर्न विउको व्यवस्थामा जोड दिईनेछ भने रैथाने जौ बालीको प्रवर्द्धनमा विशेष जोड दिईनेछ ।

## ६. सहकार्य

परियोजना कार्यान्वयनको सिलसिलामा परियोजनासँग सम्बन्धित योजना क्रियाकलापहरुमा गाउँपालिकाका विषयगत शाखाहरु र अन्य साझेदार निकायहरुबाट थप आर्थिक तथा प्राविधिक सहयोग (परियोजनाको लागि विनियोजित बजेट भन्दा बाहेक) उपलब्ध भएको छ ।

*तालिका १२ : परियोजनासँग सम्बन्धित कृयाकलापहरुमा सहकार्य*

| क्र.सं. | निकायको नाम | कार्यक्रम | सहकार्यको प्रकार | सहकार्यको रकम रु. (वा बराबर) |
|---|---|---|---|---|
| १ | गाँउपालिका कृषि शाखा | कृषी मेला प्रदशनी | कृषी मेला प्रदशनीमा लाग्ने खर्चमा सहकार्य गरीएको । | ४५००० |

## ७. आइपरेका समस्याहरु

आर्थिक वर्ष २०७४/०७५ मा यस गाउँपालिकामा परियोजना कार्यान्वयनको सिलसिलामा निम्न बमोजिमका समस्याहरु आइपरेका थिए जसको समाधान निम्न उपायहरुवाट गरिएको थियो ।

*तालिका १३ : आइपरेका समस्याहरु तथा समाधानका प्रयासहरु*

| क्र.सं. | समस्याहरु | समाधानका प्रयासहरु |
|---|---|---|
| १ | टाँटे स्वस्थ्य चौकी खानेपानी तथा सरसफाइ योजनाको मुल बिबाधका कारण काममा ढीलाइ भएको | नगरपालिका र सम्वन्धित समुदायहरुको उपस्थिती मा छलफल गरी मुल बिबाद समाधान गरीयो । |



GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

## अनुसूची १ : यस आ.व.मा संचालित योजनाहरुको विवरण

| क.सं. | योजनाको नाम | वडा नं. | योजनाको अनुमानित लागत (रु) | यस योजनामा हालसम्म भएको खर्च ( रु) | यस आ.व.मा भएको खर्च (रु) | यस योजनामा गाउँपालिकाको खर्च | आगामी आ.व.मा क्रमागत भई जाने आयोजनाको संख्या | आगामी आ.व.मा हुने खर्चको लक्ष | यस आ.व.मा सम्पन्न आयोजना बाट लाभान्वीत जनसंख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| | **खानेपानी तथा सरसफाइ योजना** | | | | | | | | |
| १ | झाली खानेपानी तथा सरसफाई योजना | ७ | ३५३८९६८ | २१२५२०५ | २१२५२०५ | २७४६८२ | ० | ० | ७१३ |
| २ | भानोदय मा.वि. खानेपानी तथा सरसफाई योजना | ५ | १७५६६३० | १११४५५६ | १११४५५६ | १२२९५४ | ० | ० | १०१८ |
| ३ | टाटे स्वास्थ्य चौकी खानेपानी तथा सरसफाई योजना | ५ | ३५०६९७० | १६९८९६३ | १६९८९६३ | २४०७८२ | ० | ० | ४६४ |
| | **जम्मा :** | | **८८०२५६७** | **४९३८७२४** | **४९३८७२४** | **६३८४१८** | **०** | **०** | **२१९५** |
| | **सुधारिएको चुल्हो** | | | | | | | | |
| | कुल्देबमाण्डौ सुधारिएको माटोको चुल्लो योजना ण्डौ | ७ | ४१२२६४ | २०५२७६ | २०५२७६ | ६१५८२ | ० | ० | ४५२ |
| | **जम्मा :** | | **९२१४८३१** | **५१४४०००** | **५१४४०००** | **७०००००** | **०** | **०** | **२६४७** |

## अनुसूची २ : यस आ.व.मा संचालित तालिमहरुको विवरण

| क्र.सं. | सञ्चालित तालिमको नाम | वडा नं. | तालिमको अवधि | तालिम संख्या | दलित महिला | दलित पुरुष | जनजाती महिला | जनजाती पुरुष | अन्य महिला | अन्य पुरुष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **खानेपानी योजना चरणवद्ध कार्यपद्धति वमोजिमका तलिम** | | | | | | | | | | |
| १ | सामुदायिक कार्ययोजना तयारी गोष्ठी | | १ दिन | १ | १ | १ | ० | ० | ६ | ३ |
| २ | निर्माण अवधिको गोष्ठी | | १ दिन | २ | १ | २ | ० | ० | ११ | ४ |
| ३ | उपभोक्ता समितिलाई खरिद अभिमुखिकरण गोष्ठी | | १ दिने | १ | ० | १ | ० | ० | ४ | २ |
| ४ | उपभोक्ता समिति खरिद व्यवस्थापन तालिम | | १ दिन | २ | १ | २ | ० | ० | ११ | ४ |
| ५ | लैगिक समानता तथा सामाजिक समावेशीकरण तालिम | | १ दिन | १ | १ | १ | ० | ० | ७ | २ |
| ६ | घरबारी व्यवस्थापन तालिम | | १ दिन | २ | १ | ३ | ० | ० | १५ | ६ |
| ७ | मर्मत संभार व्यवस्थापन तथा पानी सुरक्षा योजना टोली गठन | | १ दिन | २ | १ | २ | ० | ० | ११ | ४ |
| ८ | सार्वजनिक सुनुवाई | | १ दिन | ५ | ५३ | ४९ | ० | ० | ६६ | ९३ |
| ९ | निर्माण पूर्वको गोष्ठी | | १ दिने | ३ | १ | ३ | ० | ० | ११ | ९ |
| १० | उपभोक्ता समिति लेखा व्यवस्थापन तालिम | | १ दिने | २ | १ | २ | ० | ० | ११ | ४ |
| ११ | उपभोक्ता समिति अभिमुखिकरण गोष्ठी | | १ दिने | २ | १ | २ | ० | ० | ११ | ४ |
| **सरसफाइ, स्वच्छता तथा महिनावारी व्यवस्थापन सम्बन्धी तालिमहरु** | | | | | | | | | | |
| १ | विश्व हात धुने दिवस | | १ दिने | १ | ११ | ० | ० | ० | ३१ | ६ |
| २ | अन्तराष्टिय नारी दिवस | | १ दिने | १ | ७३ | ४ | ० | ० | ९६ | ८ |
| ३ | राष्टिय सरसफाई सप्ताह | | ७ दिने | १ | १२ | १८ | ० | ० | ९३ | १०४ |
| ४ | बिश्व पानी दिवस | | १ दिने | १ | ० | ० | ० | ० | २४ | ३ |
| **जिवीकोपार्जन तथा सहकारी विकाससंग सम्बन्धित तालिमहरु** | | | | | | | | | | |
| १ | घरबारी व्यवस्थापन तालिम | | ३ दिने | ६ | ८० | ४ | ० | ० | ६८ | ६ |



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **स्थानीय स्रोत व्यक्ति विकाससंग सम्बन्धित प्राविधिक तालिमहरु** | | | | | | | | | | |
| १ | ग्रामीण मर्मत संभार कार्यकर्ता तालिम | | १४ दिने | १ | ० | ० | ० | ० | ० | २ |
| **जलउपयोग तथा जीविकोपार्जन कार्यान्वयन गुरुयोजनासंग सम्बन्धित तालिमहरु** | | | | | | | | | | |
| १ | | | | ० | ० | ० | ० | ० | ० | ० |
| **नवीकरणीय उर्जा तथा जलवायु परिवर्तन संग सम्बन्धित तालिमहरु** | | | | | | | | | | |
| | | | | ० | ० | ० | ० | ० | ० | ० |
| **नगरपालिका तथा जिल्ला स्तरीय क्षमता विकास तालिमहरु** | | | | ० | ० | ० | ० | ० | ० | ० |



GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

## अनुसूची ३ : सहकारी संस्थाको विवरण

**सहकारी संस्थाको नाम : जनक्याण बहुउद्धेश्यीय सहकारी संस्था लि, बुढीगंगा ९**

**क) संगठन तर्फ**

**क.सामुदायिक संस्था तथा विभिन्न उपभोक्ता समितिहरुको आवद्धता**

| क.सं | विवरण | इकाइ | गत खातावन्दी सम्मको | यस खातावन्दी सम्मको | कैफियत |
|---|---|---|---|---|---|
| १ | सामुदायिक संस्था/कृषि समूह | संख्या | १ | ५ | |
| २ | उपभोक्ता समिति | संख्या | ४ | २ | |
| ३ | अन्य संस्थाहरु | संख्या | ३ | ३ | |
| क | महिला समुह | संख्या | ० | २ | |
| ख | कबुलियती बन | संख्या | ० | ४ | |

**ख. शेयर सदस्य**

| क.सं | विवरण | इकाइ | गत खातावन्दी सम्मको | यस खातावन्दी सम्मको | कैफियत |
|---|---|---|---|---|---|
| १ | महिला सदस्य | संख्या | २२३ | ३५० | |
| २ | पुरुष सदस्य | संख्या | ४७१ | ४३४ | |
| **ग. जातियताको आधारमा** | | | | | |
| १ | दलित | संख्या | १५०। | २२० | |
| | जनजाति | संख्या | ० | | |
| | अन्य | संख्या | ४१८ | ५६४ | |

## २ पूँजी निर्माण

| क.सं | बिबरण | इकाइ | गत खातावन्दी सम्मको | यस खातावन्दी सम्मको | कैफियत |
|---|---|---|---|---|---|
| १ | शेयर रकम | रु. | ६३६६००। | १४०११००। | |
| २ | निक्षेप (वचत) | रु. | ७८०२५२३। | ८४०१६१९। | |
| ३ | जगेडा कोष | रु. | ९९०५७१।२८ | १२५७७८६।१५ | |
| ४ | मर्मत संभार राहत कोष | रु. | ००। | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | खुद नाफा | रु. | ५००३६५। | ८०५८३।१३ | |
| ६ | कुल सम्पति | रु. | ३४९६७२०।०१ | ३२५४१५७।०१ | |

## ३. पूँजी परिचालन ( प्रत्येक आ.व को मात्र)

क.ऋण लगानी

| क.सं | लगानी क्षेत्र | इकाइ | गत खातावन्दी सम्मको | यस खातावन्दी सम्मको | लाभान्वित सदस्य संख्या |
|---|---|---|---|---|---|
| १ | कृषि | रु. | ३०,०००००। | ४०,०००००। | |
| २ | पशुपालन | रु. | ३०,०००००। | ५०,०००००। | |
| ३ | व्यापार | रु. | ४०,२०४१०। | २०,०००००। | |
| ४ | वैदेशिक रोजगार | रु. | | ५,०००००। | |
| ५ | अन्य | रु. | | ११९९४६५। | |
| **कुल जम्मा** | | रु. | **१२६९९४६५।** | **१००२०४१०।** | |

**नगद मौज्दात रु १०३५१७।२८**

**वैक मौज्दात रु ६२७६।२८**

## ४ असूली, आम्दानी तथा खर्चको विवरण

| क. सं | बिबरण | इकाइ | गत खातावन्दी सम्मको | यस खातावन्दी सम्मको | कैफियत |
|---|---|---|---|---|---|
| १ | सांवा असूली | रु. | २३३६८६९। | ११५३९७९३। | |
| २ | व्याज तथा हर्जाना असूली | रु. | ७४६९७० | २००१३९४। | |
| ३ | अन्य आम्दानी | रु. | ६५२४०। | ९१७४७४। | |
| ४ | पाउनु पर्ने व्याज वांकी | रु. | ८९१००। | १२३००। | |
| ५ | भाखा नाधेको रकम | रु. | | | |
| ६ | लगानीमा रहिरहेको रकम (ल.र.र) | रु. | १००२०४१०। | १२६९९४६५। | |
| ७ | असूली दर | प्रतिशत | **९५.२३** | **९९.९** | सूत्र= **(1+2)/(1+2+4+5)x100** |
| **क** | कूल आम्दानी(**२+3)** | रु. | | २९१८८६८। | |



GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | संचालन खर्च | रु. | | २१५६८४४। | |
| ९ | व्याज खर्च | रु. | | ६१४२२६। | |
| १० | ऋण सुरक्षण व्यवस्था खर्च/कोष | रु. | | ६७२१४।८७ | वार्षिक खातावन्दी मा मात्र |
| **ख** | कूल खर्च (८+९+१०) | रु. | | २८३८२८४।८७ | |
| **ग** | खुद नाफा (**क-ख**) | रु. | | ८०५८३।१३ | |
| **११** | संचालन आत्मनिर्भरता (OSS) | प्रतिशत | | **१०३** | सूत्र=(२+३)/ख |

**(५) सहकारी शिक्षा तथा अन्य तालिम**

| क. सं | तालिमको नाम | इकाइ | गत खातावन्दी सम्मको | यस खातावन्दी सम्मको | कैफियत |
|---|---|---|---|---|---|
| १ | | सहभागी संख्या | | | |
| २ | | सहभागी संख्या | | | |
| ३ | | सहभागी संख्या | | | |

**६ वाह्य ऋण कारोवारको स्थिति**

| वैंक तथा वित्तिय संस्थाको नाम | यस आ.व. मा भएको कारोवार मात्र (रु मा) | | | |
|---|---|---|---|---|
| | लिएको सांवा ऋण रकम | तिरेको सांवा ऋण रकम | तिरेको व्याज रकम | वांकी तिर्नु पर्ने सांवा रकम |
| युवा तथा साना व्यवसायी स्वरोजगार कोष | २०,००,०००। | २,५०,००५। | ८८,९५०। | १७,४९,९९५। |

**(७) विभिन्न्न समितिहरुको विवरण**

| क. सं | समितिहरु | महिला | पुरुष | दलित | जनजाती | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | संचालक समिति | २ | ४ | १ | ० | ७ | ७ |
| २ | लेखा समिति | १ | ३ | ० | ० | ३ | ३ |
| ३ | कर्मचारीहरु | ० | ३ | ० | ० | ३ | ३ |

**(८) सम्वन्ध र सर्म्पक विकास:**

निकाय के काम उपलव्धि

## अनुसूची ४ : गाउँपालिकाका नमूना उपलब्धीहरु तथा सफलताका कथाहरु

## खानेपानी योजना निर्माण पश्चात हामी महिला धेरै सुखी छौं ।

गोरख बहादुर अयडी
फिल्ड संयोजक



बाजुरा जिल्ला बुढीगंगा नगरपालिका वडा नं ४ दुगडीबाडा यस नगरपालिकाको एक सानो गाउको रुपमा चिनिन्छ । यस गाउमा १० दलित घरधुरी र २९ अन्य घरधुरी गरी जम्मा ३९ घरधुरीहरुको बसोबास रहेको छ । यस गाउँका मानिसहरु एक वर्ष पहिले खोलाको पानी पिउने गर्दथे । वर्षातको समयमा त झनै खोलामा भल बगेको धमिलो पानी प्रयोग गर्नुपर्दथ्यो, महिलाहरुलाई झनै धेरै दुख हुन्थ्यो, असुरक्षित र प्रदुषित पानी पिउनाले वेला वेलामा झाडा पखाला जस्ता पानी जन्य रोगले विरामी परि रहन्थे भनेर बताउछन स्थानीय उपभोक्ता **कुन्ता सुनार** ।

जनचेतनाको कमि र गाउमा खानेपानीको अभावले हाम्रो घरमा तरकारी पनी लगाउने गरेका थियनौ । खुला दिसामुक्त क्षेत्र घोषणा गरिएता पनी हाम्रो गाउमा सवै घरमा चर्पीको नियमित प्रयोग र सरसफाई गर्ने बानीको विकास भएको थिएन । चर्पिको प्रयोग गरेपनी साबुन पानीले हात धुने बानीको विकास भएको थिएन । कुन्ता सुनार बताउछन चाँङ र जुठ्यान भन्ने त हालीाई केही पनी थाहा थिएन । गोठेमल व्यवस्थापन र फोहर फाल्ने खाल्डको ब्यवस्था हाम्रो गाउमा थिएन ।

जिल्ला विकास समिति /ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना, बाजुराको सहयोगमा आ.ब. २०७३/०७४ मा दुगडीबाडा खानेपानी योजना निर्माण कार्य सम्पन्न गरीयो उक्तयोजनामा महिला र दलितको सहभागितामा खानेपानी उपभोक्ता समितिमा ६० प्रतिशत महिला सहभागि गरियो र योजनाको काम संचालन गर्ने क्रममा परियोजनाले विभिन्न तालिम गोष्ठी संचालन गरेपछी हाम्रो क्षमता विकास भयो । म कुन्ता सुनार पनी यस योजनाको उपभोक्ता समिति सचिव पदमा रहेर काम गर्ने अवसर पाइयो । सवै उपभोक्ता समिति सचेत र सक्षम भएपछी योजनाको काम गुणस्तरिय र पारदर्शि रुपमा संचालन गरि योजना निर्माण गरियो ।



अहिले ६ वटा धारामा नियमित पानी संचालन गरेपछी सवैको घरमा चर्पीको उचित प्रयोग र नियमित सरसफाई गर्ने बानीको बिकास भएको छ । परियोजनको सहयोगबाट कृषक समुह गठन गरी ३ दिने घरवारी व्यवस्थापन तालिम, अगुवा कृषक तालिम संचालन गरेपछी सवैले आफ्नो बारीमा आफुलाइ प्राप्तमात्रामा तरकारी उत्पादन गरी तरकारी खाने बानीको विकास भएको छ । सरसफाइको क्षेत्रमा सवैघरमा सुरक्षित मुलको पानी खान पाएको छन । सवैको घरमा चाङ,जुठ्यान, मलखाल्डो र फोहर खाल्डो बनाएर प्रयोग गर्ने र गाउघर सरसफाई गर्ने गरेका छौ । यस खानेपानी योजना निर्माण भएपछी " हामि महिला धेरै सुखी भएका छौं " टाढा गएर पानी भर्न ल्याउन दुख गर्नु परेको छैन । स्वच्छ पानी ढुक्क साथ खान पाएका छौ । फोहर पानी खाएर विरामीको सिकार बन्नु परेको छैन भनेर बताउछन कुन्ता सुनार । अहिले पानीकालागी हुने महिलाका दुख हटेका छन । योजनालाई दिगो संचालन गर्न नियमित वैठक बस्ने र रेखदेख गर्न मर्मत सम्भार कार्यकर्ताको व्यवस्था गरेका छौ भन्छीन कुन्ता सुनार ।



GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

## अनुसूची ५ : भिजिबिलिटी

गाउँपालिका अन्तर्गत ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाका क्रियाकलापहरुको उपभोक्ता, सरोकारवाला तथा आम जनमानसमा सन्देश प्रवाह गर्नको लागि यस आर्थिक वर्षमा तपसील बमोजिमका माध्यमबाट प्रचार प्रसार गरिएको छ ।

| क.सं. | माध्यम | मिति | प्रसारण गरिएको विषयवस्तु |
|---|---|---|---|
| १ | पत्रपत्रिका | | |
| २ | रेडियो | | |
| ३ | टेलिभिजन | | |
| ४ | सामाजिक सञ्जाल | | |
| ५ | प्रदर्शनी | | |
| ६ | श्रव्य दृष्य सामाग्रीहरु | | |
| ७ | अन्य सूचना शिक्षा सञ्चार सामाग्रीहरु | | |

उपरोक्त भिजिबिलीटी सम्बन्धी सामाग्रीहरुको प्रति संलग्न गरिएको छ ।

## अनुसूची ६ : जनशक्ति विवरण

आर्थिक वर्ष २०७४/०७५ मा यस नगरपालिकामा परियोजना कार्यान्वयनको सिलसिलामा गाउँकार्यपालिका कार्यालय, परियोजना, परियोजना सहयोग इकाई तथा सहयोगी संस्थाहरुवाट तपसील बमोजिम जनशक्ति परिचालन भएका थिए ।

| क्र.सं. | कर्मचारीको नाम | कार्यालय | पद | जम्मा अनुमानित योगदान ( महिनामा) |
|---|---|---|---|---|
| परियोजनाको तर्फवाट ( अन्य गा.पा. मा समेत सहयोग गर्ने गरि | | | | |
| १. | नरबीर ऐडी | RVWRMP/TSU, बाजुरा | नि. जलश्रोत सल्लाहकार | १२ महिना |
| २. | दिभाकर दुवाल | RVWRMP/TSU, बाजुरा | जिबीकोपार्जन अधिकृत | ६ महिना |
| ३. | अमर बि.क. | RVWRMP/TSU, बाजुरा | सि. जलश्रोत प्राविधिक | १२ महिना |
| सहयोगी ब्याक्तिवाट परिचालित कर्मचारीहरुको विवरण | | | | |
| १ | गोरख बहादुर अएडी | बुढिगंगा नगरपालीका/ग्रमीण जलस्रोत ब्यवस्थापन परियोजना | फिल्ड संयोजक | १२ महिना |
| ५ | केशव राज जैशी | बुढिगंगा नगरपालीका/ग्रमीण जलस्रोत ब्यवस्थापन परियोजना | जलस्रोत प्राविधिक | १२ महिना |



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland